उमाकुण्ड गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

प्रिती, रामेछाप

बागमती प्रदेश, नेपाल

पत्र संख्या: ०८०/०८१

चलानी नं: २१८०

तह वृद्धि सम्वन्धी सूचना ।

सूचना प्रकाशित भएको मितिः– २०८१/०३/१९

ने.स. ११४४ तछलागा १२, बुधवार

बागमती प्रदेशको स्थानीय सेवा गठन तथा सञ्चालन ऐन २०७९ को दफा ९ को उपदफा (२) र दफा ३० को उपदफा (१) बमोजिम तह वृद्धिको लागि योग्यता पुगेका उमाकुण्ड गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गतका शाखाहरूमा कार्यरत कर्मचारी, वडा कार्यालयमा कार्यरत कर्मचारी र स्वस्थ्य चौकी तथा सामुदायिक स्वास्थ्य इकाईमा कार्यरत स्वास्थ्यकर्मीहरुले तपशिलमा उल्लेखित कागजात सहित यो सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र उमाकुण्ड गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा निवेदन पेश गर्नुहुन सम्वन्धित सबैलाई यसै सूचना मार्फत अनुरोध गरिन्छ ।तोकिएको समय र रित नपुगेका निवेदन उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

तपशिल

१. स्थानीय सेवा गठन तथा सञ्चालन ऐन २०७९ को दफा ९ को उपदफा (२) बमोजिम तह वृद्धि हुने कर्मचारीहरुले पेश गर्नुपर्ने कागजातहरु
   - क. सुरूको नियुक्ति पत्रको प्रमाणित प्रतिलिपि
   - ख. नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि
   - ग. समायोजन भएको कर्मचारीको हकमा समायोजन पत्रको प्रमाणित प्रतिलिपि
   - घ. यस कार्यालयमा रमाना भइ आउँदाको रमाना पत्रको प्रमाणित प्रतिलिपि

२. उपर्युक्त कागजात बाहेक स्थानीय सेवा गठन तथा सञ्चालन ऐन २०७९ को दफा ३० को उपदफा (१) बमोजिम तह वृद्धि हुने कर्मचारीहरुले निम्नानुसारको थप कागजात पेश गर्नुपर्ने छ ।
   - क. तह वृद्धि हुनु भन्दा पहिलाका कम्तिमा ५ वर्षका का.स.मु. फाराम (सक्कलै)
   - ख. स्थानीय सेवा गठन तथा सञ्चालन ऐन २०७९ को दफा ३० को उपदफा (१) मा उल्लेख भएअनुसारको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

..............................

रामचन्द्र लामा

प्रमुख प्रशासकीय अधिकृत